# युवा तथा लक्षितवर्गको उद्यमशिलता विकास लागि अनुदान कार्यविधि, २०७५

प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

सहायक वन अधिकृत

मन्त्री

मानिनय मन्त्रीस्तरबाट मिति २०७५।१२।२८ गतेको निर्णयबाट स्वीकृत

**प्रस्तावना:** महिला, दलित, सिमान्तकृतवर्ग, लक्षित साना तथा लघु उद्यम व्यवसायहरुलाई प्रोत्साहन गर्न तथा उद्यमशिलता विकास गरी रोजगारी सृजना तथा स्थानीय उत्पादनलाई विकास र विस्तार गर्न कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम वमोजिमको कार्यक्रम कार्यान्वयनका लागि आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले मन्त्रालयले यो कार्यविधि तयार गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१)यस कार्यविधिको नाम "युवा तथा लक्षित वर्गको उद्यमशिलता विकासको लागि अनुदान कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

क. "अनुदान" भन्नाले उद्योग व्यवसाय सञ्चालनका लागि मन्त्रालय वा मातहतका कार्यालयवाट उपलव्ध गराईने नगद तथा जिन्सीलाई सम्झनुपर्छ ।

ख. "उद्योग" भन्नाले प्रचलित कानून वमोजिम दर्ता भएका उद्योगलाई सम्झनुपर्छ ।

ग. "उद्यमी" भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग व्यवसाय सञ्चालनका लागि जोखिम वहन गरी लगानी गर्ने व्यक्ति वा समुहलाई सम्झनुपर्छ ।

घ. "कार्यालय" भन्नाले उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय अन्तर्गत स्थापना भएका विषयगत कार्यालयहरु सम्झनुपर्छ ।

ङ. "दलित" भन्नाले नेपाल राष्ट्रिय दलित आयोगद्वारा सूचिकृत दलित जात जातिहरुलाई सम्झनुपर्छ ।

च. "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई सम्झनुपर्छ ।

छ. "लघु उद्यम" भन्नाले जग्गा बाहेक वढीमा पाँच लाख रुपैया सम्म स्थिर पूँजी लगानी हुने(जग्गा वाहेक), वार्षिक ५० लाख रुपैया भन्दा कम आर्थिक कारोबार हुने, उद्यमी समेत नौ जना सम्म कामदार रहने उद्यमी स्वयम उद्योग सञ्चालन तथा व्यवस्थापनमा संलग्न रहेको र इन्जिन उपकरणमा प्रयोग हुने भएमा त्यस्तो इन्जिन वा उपकरणको विद्युत मोटर वा अन्य तेल इन्जिन शक्ति क्षमता २० किलोबाट भन्दा कम रहने उद्योग व्यवसायलाई सम्झनुपर्छ ।

ज. "लाभग्राही" भन्नाले लक्षित समुह भित्र पर्ने अनुदान पाउने दर्तावाल उद्यमीलाई सम्झनुपर्छ ।

झ. "लक्षित समुह" भन्नाले अनुदान पाउन योग्य युवा, दलित, आदिवासी जनजाती, पिछडिएको समुदाय, महिला अल्पसंख्यक, अपाङ्ग तथा सिमान्तकृत समुदायका उद्यमीलाई सम्झनु पर्छ ।

ञ. "युवा वर्ग" भन्नाले १८ वर्ष देखि ३५ वर्ष उमेर समुह व्यक्तिलाइ सम्झनुपर्छ ।



सहायक वन अधिकृत

३. <u>उद्देश्य:</u> यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन :-

क. लक्षित समुदायलाई स्वरोजगार हुन उत्प्रेरित गरी गरीबी न्यूनिकरण गर्नु,

ख. उर्जाशिल युवा वर्गलाई उत्पादनशिलता तर्फ उन्मुख गर्नु,

ग. विभिन्न परम्परागत तथा मौलिक संस्कृतिसंग सम्बन्धित वस्तुहरुको उत्पादन एंव बजारीकरण गर्न सहयोग गर्नु,

घ. स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्नु ।

४. <u>कार्यान्वयन क्षेत्र र अनुदान वितरण मापदण्ड:</u>(१) यस अन्तर्गत अनुदान दिन सकिने क्षेत्रहरुमा वन, पर्यटन, कृषी तथा वातावरण सम्वन्धी उद्यमहरुलाई प्राथमिकता दिईनेछ ।

(२)यस प्रदेशमा स्थायीरुपमा वसोवास गर्ने दलित, लोपोन्मुख, सिमान्तकृत वर्ग तथा युवा वर्गलाई प्राथमिकता दिई उद्योगहरुको स्थापना तथा स्तरोन्नतीका लागि अनुदान दिईनेछ ।

(३) अनुदान पाउने उद्योग/उद्यमीले कम्तीमा १ वर्ष देखि निरन्तर उद्यम संचालन गरी रहेको हुनुपर्नेछ ।

(४) उद्यमीले यस कार्यविधि अनुरुप अनुदान पाउनको लागि प्रचलीत ऐन, नियम वमोजिम उद्यम दर्ता गरेको हुनुपर्नेछ ।

(५) उद्यमीले अनुदान स्वरुप प्राप्त गरेको रकम मेसिनरी औजारमा कम्तिमा ८० प्रतिशत र वाकी रकम उद्यमशिलता सिप विकासमा खर्च गर्नुपर्नेछ ।

(६) एक वा एक भन्दा वढि व्यक्तिहरु मिलेर गरेका उद्यमलाई समेत यो अनुदान रकम प्रदान गर्न सकिनेछ । एक भन्दा वढि व्यक्तिहरु मिलेर गरेको उद्यम भएमा सो सम्वन्धी विवरण समेत प्रस्तावमा पेश गर्नुपर्नेछ ।

(७) एक उद्यमीले एक भन्दा वढि प्रस्ताव पेश गर्न पाईनेछैन । एक उद्यमीले एक भन्दा वढि प्रस्ताव पेश गरेको पाईएमा वढि अनुदान माग गरेको प्रस्तावलाई स्वतः रद्द गरिनेछ ।

(८)अनुदान रकमको लागि लघु तथा घरेलु उद्योग, संगठित समुह तथा सहकारी मार्फत सञ्चालनमा आएका उद्योगहरुलाई प्राथमीकता दिईनेछ ।

(९)लागत सहभागिताको आधारमा प्रस्तावलाई प्राथमीकता दिईनेछ ।

५. <u>अनुदान वितरणको लागि उद्योग छनौट गर्ने विधि:</u> (१) यस कार्यविधि अन्तर्गत उद्योग स्थापना वा सहयोग गर्नको लागि अनुदान रकम प्राप्त गर्न इच्छुक एंव योग्य उद्योगीहरुवाट प्राविधिक तथा आर्थिक प्रस्ताव आह्वानको लागि सार्वजनिक सुचना प्रकाशित गरिनेछ ।



सहायक वन अधिकृत

(२) कार्यालयले दफा ५(१) अनुरुप सुचनामा उद्योग छनौटका आधारबारे उल्लेख गरी सुचना प्रकाशित गर्नेछ ।

(३) यस कार्यविधि अन्तर्गत अनुदान रकम प्राप्त गर्न संम्भाव्य उद्योगीहरुले अनुसुची–१ वमोजिमको ढाँचामा निवेदन तथा अनुसुची–२ वमोजिमको ढाचाँमा उद्योग विवरण तोकिएको अवधि भित्रमा कार्यालयमा पेश गर्नुपर्नेछ ।

(४) उपदफा ३ वमोजिम निवेदन साथ निम्नानुसार कागजात पेश गर्नुपर्नेछ :–

(क) उद्योग दर्ताको प्रमाण पत्र,
(ख) कर चुक्ताको प्रमाण पत्र,
(ग) प्रोप्राइटर तथा निजको एकाघरका सदस्यहरुको नागरिकताको प्रमाण पत्र,
(घ) अपाङ्ग तथा दलित, जनजाती भए सम्बन्धित निकायको सिफारिस,
(ङ) व्यवसायिक योजना,
(च) प्रस्तावकले कुल स्वीकृत प्रस्तावको कम्तीमा २० प्रतिशत रकम स्व:लगानी गर्ने प्रतिवद्धता पत्र,
(छ) स्थानीय तहको सिफारिस ।

(५) अनुसुची–४ वमोजिमको मापदण्डको आधारमा प्रस्ताव मुल्यांकन गरिनेछ । प्रस्ताव स्वीकृत भएपश्चात सम्वन्धित उद्योगीहरुलाई यथासिघ्र पत्राचार वा सार्वजनिक सुचना मार्फत अनुसुची ३ वमोजिमको ढाचाँमा अनुदान सम्झौताको लागि जानकारी गराईनेछ ।

६. <u>अनुदान माग सम्वन्धी प्रस्ताव मुल्यांकन तथा स्वीकृत गर्न समितिको व्यवस्था:</u> (१) यस कार्यविधि वमोजिम प्राप्त प्रस्तावहरु मुल्यांकन गरी प्रस्ताव छनौट गर्न, स्वीकृत गर्न र सो सम्वन्धमा आवश्यक निर्देशन दिन निम्न पदाधिकारी रहेको एक समिति रहनेछ ।

| | |
|---|---|
| कार्यालय प्रमुख, सम्वन्धित कार्यालय | –संयोजक |
| प्रतिनिधि, कोष तथा लेखा नियन्त्रण कार्यालय | –सदस्य |
| प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | –सदस्य |
| प्रतिनिधि, डिभिजन वन कार्यालय। घरेलु कार्यालय | –सदस्य |
| शाखा प्रमुख, सम्वन्धित कार्यालयको उद्योग। योजना शाखा | –सदस्य–सचिव |

(२) समितिको काम कर्तव्य र अधिकार:

(क) सूचना बमोजिम आएका प्रस्तावहरुको प्राविधिक र आर्थिक पक्षको अनुसुचि ४ बमोजिमको मापदण्ड अनुसार मुल्याङ्कन पश्चात स्वीकृत गरी अनुमोदनको लागि सम्वन्धित कार्यालयमा पेश गर्ने ।

(ख) आवश्यकता अनुसार समिति सदस्यहरुले वा प्रतिनिधि खटाई प्रस्तावको सम्वन्धमा स्थलगत निरिक्षण तथा सर्वेक्षण समेत गर्ने, गराउने ।

(ग) योग्य लाभग्राहीको हकमा निर्णय गरी आवश्यक प्रकृयाको लागि म्यादभित्र आवश्यक कागजात सहित सम्झौता गर्न सम्वन्धित निकायमा सम्पर्क राख्न सूचना जारी गर्ने ।

(घ) आवश्यक अन्य कार्य गर्ने ।

(२) समितिले आवश्यकता अनुसार अन्य प्राविधिक कर्मचारी वा विज्ञहरुको सहयोग लिन सक्नेछ ।

७. <u>अनुदान रकम प्रवाह विधि:</u> (१) प्रस्ताव स्वीकृत भएको उद्यमी तथा कार्यालय विच सम्झौता गरी सम्वन्धित कार्यालय मार्फत नगद वा वस्तुगत अनुदान प्रदान गरिनेछ ।

(२) उद्यमीहरुले आफ्नो योजना अनुसार तयार गरिएको प्रस्तावमा उल्लेख भएको क्रियाकलापहरुमा मात्र अनुदान प्रयोग गर्नुपर्नेछ ।

(३) प्रस्तावको कम्तिमा २० प्रतिशत सम्म रकम पेश्की स्वरुप सम्झौता पश्चात प्रदान गर्न सकिनेछ । पेश्की दिनु अगाडी कार्यालयले आवश्यक ठानेमा उद्यमीबाट वैंक ग्यारेन्टी वा केही जायजेथा जमानी लिन सक्नेछ ।

(४) कार्यसम्पन्न प्रतिवेदन र सो लाई पुष्टयाई गर्ने आधार, सम्वन्धीत स्थानिय तह तथा सम्वन्धित कार्यालय/निर्देशनालयको निरीक्षण तथा जाँचपास प्रतिवेदनको आधारमा सम्झौता बमोजिमको बाँकी रकम भुक्तानी दिईनेछ ।

(५) भुक्तानी कार्य सम्वन्धित उद्यमको नाममा बैंकिङ्ग प्रणाली मार्फत हुनेछ ।

८. <u>अनुगमन तथा निरीक्षण:</u> (१) यस कार्यविधि अनुरुप उपलव्ध गराईएको अनुदानको उपयोग र उद्यम सञ्चालनको अवस्था बारे समय समयमा अनुगमन तथा निरीक्षण गर्ने दायित्व जिल्लागत कार्यालय, स्थानिय तह तथा निर्देशनालयको हुनेछ ।

(२) अनुगमन तथा निरीक्षण गर्ने निकायले अनुगमन तथा निरीक्षणको क्रममा कार्यविधि पालना गर्न तथा सम्झौता अनुसारको कार्य गर्न निर्देशन दिन सक्नेछ र निर्देशनको पालना गर्नु उद्यमीको दायित्व हुनेछ।

सहायक वन अधिकृत

(३) कार्यालयले अनुदान स्वीकृत गरेको विवरण सम्वन्धित निर्देशनालय मार्फत मन्त्रालयलाई उपलव्ध गराउनु पर्नेछ। अनुदान प्राप्त गर्ने उद्यमीले सम्झौता वमोजिमको कार्यक्रम संचालन गरेको मासिक प्रतिवेदन सम्वन्धित कार्यालयमा पेश गर्नुपर्नेछ ।

(४) अनुगमन तथा निरीक्षण गर्ने निकायले अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन मन्त्रालयमा नियमित रुपमा पेश गर्नुपर्नेछ ।

<u>९. कारवाही गरिने:</u> अनुदानको रकम सदुपयोग नभएमा वा अनुदान रकम जुन प्रयोजनको लागि दिइएको हो सो मा खर्च नगरेको पाईएमा प्रचलित कानून वमोजिम उद्यमीलाई कालोसूचीमा राखि हिनामिना भएको रकम सरकारी वाकी सरह असुल उपर गरिनेछ साथै सो सम्बन्धी विवरण मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

<u>१०. कार्यविधिमा अस्पष्टता आएमा:</u> यस कार्यविधि कार्यान्वयनमा अस्पष्टता आएमा मन्त्रालयको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

<u>११. संसोधन, थपघट वा खारेजी:</u> मन्त्रालयले आवश्यकता अनुसार यो कार्यविधिलाई संसोधन, थपघट वा खारेजी गर्न सक्नेछ ।

सहायक वन अधिकृत

अनुसुची-१

(दफा ५(३) सँग सम्बन्धित)

**आवेदन फारम**

रु १० को टिकट

श्रीमान् ....................... ज्यू, मिति ..........................

................................................।

विषयः प्रस्ताव पेश गरेको सम्वन्धमा ।

महोदय,

प्रस्तुत विषयमा ........................................ सूचना अनुसार ........................................ उद्योगको लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा ...................... प्रस्ताब तथा अनुसूचीहरुमा उल्लेख भए बमोजिमका कागजात सहित जम्मा रकम रु. ................... (अक्षेरुपीः ........................................) को व्यवसायिक योजना तयार गरी आवश्यक कागजात सहित अनुदान रकमको लागि रु १० को टिकट टासी प्रस्ताब पेश गरिएको व्यहोरा अनुरोध छ ।

**संलग्न कागजातहरु**

(क) उद्योग दर्ताको प्रमाण पत्र,

(ख) कर चुक्ताको प्रमाण पत्र,

(ग) प्रोप्राइटर तथा निजको एकाघरका सदस्यहरुको नागरिकताको प्रमाण पत्र,

(घ) अपाङ्ग तथा दलित, जनजाती भए सम्बन्धित निकायको सिफारिस,

(ङ) व्यवसायिक योजना,

(च) प्रस्तावकले कुल स्वीकृत प्रस्तावको कम्तीमा २० प्रतिशत रकम स्वःलगानी गर्ने प्रतिवद्धता पत्र,

(छ) स्थानीय तहको सिफारिस ।

दरखास्तवालाको
नाम :
संस्थाको नामः
संस्थाको छाप :
मिती :
दस्तखत :



सहायक वन अधिकृत

अनुसुची-२

(दफा ५(३) सँग सम्बन्धित)

## उद्योग सम्वन्धी विवरण

### खण्ड १ उद्योगको सारशं

| | |
|---|---|
| उद्यमको नाम: | |
| उद्यमको प्रकार: | |
| आवेदकको नाम: | |
| ठेगाना: | |
| सम्पर्क व्यक्ति: | |
| ठेगाना: | |
| टेलिफोन। मोवाईल नः | |
| उद्यम दर्ता वर्ष र दर्ता नं: | |
| मु अ कर/स्था ले न र दर्ता वर्ष: | |
| वैंक खाता विवरण: | वैंकको नाम:<br>ठेगाना:<br>खाता नः<br>खाता संचालकको नाम: |
| आवेदकको परिचय तथा अनुभवः | अनुभव र योगयता सम्वन्धि विवरण यहाँ उल्लेख गरी कागजातहरु अनुसुचीमा संलग्न राख्ने । |
| उद्यमको सारसंक्षेपः | |
| लगत ईष्टिमेट (अनुसुचीमा संलग्न राख्ने) | |
| जम्मा लागत रु: | |
| अनुदान माग रु: | |

| | |
|---|---|
| स्वलगानी रु: | |
| उद्यम संचालन स्थल: | जिल्ला:<br>.......................न.पा./गा.पा.<br>वार्ड नं:<br>स्थान: |
| उद्यमको प्रमुख उद्देश्य: | •<br>•<br>•<br>• |
| उद्यमको प्रमुख क्रियाकलाप: | •<br>•<br>•<br>• |

**खण्ड २: उद्यमको विवरण**

| २.१ समस्याहरु, अवसर तथा प्रस्तावित क्रियाकलापहरु | |
|---|---|
| उद्यमको प्रमुख समस्या तथा अवसरहरु तथा तिनमा आधारित क्रियाकलापहरु जसले समस्याहरुलाई खुकुलो बनाउँछ र अवसरहरुको उचित उपयोग गर्दछ । | |
| समस्याहरु | अवसरहरु |
| १.<br>२.<br>३.<br>४. | १.<br>२.<br>३.<br>४. |



सहायक वन अधिकृत

मन्त्री

| ५. | ५. |
|---|---|

**२.२ प्रस्तावित क्रियाकलापहरु**

क्रियाकलाप १

क्रियाकलाप २

क्रियाकलाप ३

क्रियाकलाप ४.....................

.....................

.....................

**२.३ नतिजा र प्रतिफल**

| प्रतिफलका सुचकहरु | लक्ष |
|---|---|
| उत्पादन | ......... संख्या, ........ टन |
| उन्नत प्रविधि, कँच्चा पदार्थ, मेशिनरी औजार तथा पूर्वाधारको उपयोग | मुख्य– मुख्य मेशिन औजार तथा र प्रकार तथा कच्चा पदार्थको परिमाण र प्रकार क्षमता उल्लेख गर्ने |
| विक्रि परिमाण बृद्धि | ...... |
| आम्दानी बृद्धि | रु. ......./वार्षिक |
| रोजगारी बृद्धि | .....जना स्वरोजगार, .....जना वर्षैभरी रोजगार, .....जना वा कार्यदिन आंशिक रोजगार |

**२.४ पूर्वाधार, डिजाइन तथा इष्टिमेटः**

उद्यमको कार्यान्वयनको हकमा भौतिक पुर्वाधारको निर्माणको हकमा उपयुक्त डिजाइन, लेआउट तथा लागत ईस्टिमेट तयार गर्ने ।

**३. कार्य संचालन क्षमता र अनुभवः**

**३.१ उपलब्ध पूर्वाधारहरु, यन्त्र तथा औजारहरु, मानव संशाधानः**

| पुर्वाधार | पुर्वाधारको विवरण, किसिम, संख्या, आकार |
|---|---|
| ......... | |



सहायक वन अधिकृत

| | |
|---|---|
| .................. | |
| .................. | |

३.२ जनशक्तिः

| किसिम | | संख्या | दलित | महिला | जनजाती | मधेशी | अन्य | पिछडीएको क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| प्रविधिक | पुर्णकालीन | | | | | | | |
| | आशिंक | | | | | | | |
| व्यवस्थापकिय | पुर्णकालीन | | | | | | | |
| | आशिंक | | | | | | | |
| श्रमिक | वर्षभरी | | | | | | | |
| | आवश्यकताअनुसार | | | | | | | |

४. कार्यतालिकाः

| क्रियाकलाप | अवधि (महिना) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

## खण्डः ३ उत्पादन विक्रि तथा आम्दानी विवरण

३.१ उत्पादन विक्रि तथा आम्दानी प्रक्षेपणः

| वर्ष | उत्पादन | ईकाइ | परिमाण | मुल्य रु | जम्मा रु |
|---|---|---|---|---|---|
| पहिलो | | | | | |
| दोश्रो | | | | | |
| तेश्रो | | | | | |

## खण्ड ४ व्यवस्थापन योजना



सहायक वन अधिकृत

४.१ सामाग्री तथा सेवा खरिद योजनाः

| क्र स | विवरण | ईकाइ | परिमाण | प्रकार | आपुर्तीकर्ता | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

४.२ जोखिम व्यवस्थापनः

| जोखिमको तह | सम्भावित जोखिम | जोखिमको प्रकृती र व्यपकता | व्यवस्थापन रणनिती |
|---|---|---|---|
| पुर्वाधार निर्माण | | | |
| उत्पादन | | | |
| वजारिकरण | | | |

अनुसूची– ३

(दफा ५ (५) सँग सम्बन्धित)

## सम्झौता पत्र

मन्त्रालय/कार्यालय (यस पछि प्रथम पक्ष भनिएको) र ............................... (यस पछि दोश्रो पक्ष भनिएको) का बीच मिति ...........................गते ................................ उद्यम गर्नको लागि देहाय बमोजिमका शर्तहरुको पालना गर्ने गरी यो सम्झौता गरी एक एक प्रति आपसमा बुझी लियौं दियौं:

**१. सम्झौतामा संलग्नहरुको विवरण:**

मन्त्रालय/कार्यालयले यो सम्झौता कार्यान्वयनमा प्रथम पक्षको भूमिका विवाह गर्नेछ ।

उद्यमी: .................. जिल्ला, ..................न.पा./गा.पा......... व.न. .................. स्थायी निवासी, श्री (बाजेको नाम) ..............................को नाति, श्री ....... (बुवाको नाम) ..............................को छोरा श्री ( उद्यमीको नाम) .............................. का संचालक श्री (प्रोपाइटरको नाम) ..............................(यसपछि उद्यमी भनिएको) ले यो सम्भौता कार्यान्वयमा द्वितीय पक्षको भूमिका निर्वाह गर्नेछ ।

**२. सम्झौता गरिएको कामको विवरण**

.................. उद्यम गर्ने प्रस्ताव मन्त्रालय/कार्यालयले स्वीकृत गरेको छ । युवा तथा लक्षीत वर्गको उद्यमशिलता विकासको लागि अनुदान कार्यविधि, २०७५ वमोजिम कार्य गर्नुपर्नेछ ।

**३. समयावधि**

यो सम्झौता कार्यान्वयनको अबधि .....................का लागी हुनेछ । विशेष परिस्थितिवस सम्झौता अबधिभित्र कार्यसम्पन्न हुन नसकेमा उचित र पर्याप्त कारण सहित उद्यमीले सम्झौताको म्याद समाप्त हुनु भन्दा १५ दिन पहिले म्याद थपको लागि निवेदन दिनु पर्नेछ । उद्यमीको निवेदन प्राप्त भएपछि आवश्यक ज़ाचबुझ गरी सम्बन्धीत निकायलाई निवेदनमा उल्लेखित कारण मनासिब लागेमा म्याद थप गर्न सक्नेछ ।

| | |
|---|---|
| शुरु मिति | |



सहायक वन अधिकृत

| सम्पन्न हुने मिति | |
|---|---|

### ४. उद्यमको कुल सम्झौता रकम

कुल सम्झौता रकम रु ........................... (अक्षेरुपी ........................................ मात्र) रहेको छ।

**लागत विवरण**

| क्र.स. | विरण | जम्मा बजेट रु |
|---|---|---|
| १ | ........... | |
| २ | ........... | |
| ३ | मन्त्रालय वा कार्यालयले उपलब्ध गराउने जम्मा अनुदान रकम रु | |
| ४ | उद्यमीको लगानी रु | |

### ५. अनुदान प्रवाह तथा समायोवधिः

क) प्रथम पक्षले द्वितीय पक्षलाई कार्य प्रगतिको आधारमा २ किस्तामा सम्झौताअनुरुप भुक्तानी गर्नेछ ।

ख) किस्ताअनुसारको रकम तपशिल अनुसार भुक्तानी गरिनेछ

| किस्ता | कुल सम्झौता रकमको | समयावधि |
|---|---|---|
| पहिलो | २० प्रतिशत | • सम्झौता पश्चात प्रथम किस्ताको रुपमा । |
| दोश्रो | ८० प्रतिशत | • प्रस्ताव कार्ययोजना र सम्झौता अनुरुप कार्य सम्पन्न भए पश्चात अन्तिम किस्ताको रुपमा । |

ग) अनुदान रकम उद्यमीको उद्यमको नाममा रहेको बैंक खातामा उपलब्ध गराइनेछ । उद्यमीको उद्यमको नाममा रहेको बैंक खाता विवरण निम्न बमोजिम हुनेछ ।

**बैंक खाताको विवरणः**

| | |
|---|---|
| वैंकको नाम र ठेगानाः | |
| वैंक खाता नं | |
| वैंकखाताको किसिम : | |



सहायक वन अधिकृत

| खाता संचालकको नाम : |
|---|

**प्रथम पक्ष**

नामः

पदः

कार्यालयको नाम, ठेगाना र छापः

मितिः

हस्ताक्षरः

**द्वितिय पक्ष**

नामः

पदः

उद्यमीको नाम, ठेगाना र छापः

मितिः

हस्ताक्षरः

**साक्षीहरु**

नामः

पद

मितिः

हस्ताक्षर

नामः

मिति

हस्ताक्षरः

| दायाँ | वायाँ |
|---|---|
| | |

सहायक वन अधिकृत

सचिव

अनुसूची- ४

(दफा ६ (२) सँग सम्बन्धित)

## मुल्यांकन मापदण्ड

| सि नं | मुल्याङ्कनका आधार | अंकभार | अंकभारको थप वर्गिकरण |
|---|---|---|---|
| १ | उद्यमवाट श्रृजना हुने रोजगारी | १५ | ५ जना भन्दा वढि भएमा-१५ |
| | | | ३-५ जना भएमा-१० |
| | | | ३ जना भन्दा कम भएमा-५ |
| २ | उद्यम एकल वा संयुक्त रुपमा संचालन गरेको | १५ | संयुक्त-१५ |
| | | | एकल-५ |
| ३ | उद्यम स्थापनाको भौगोलिक अवस्था | ५ | गाउपालीका-५ |
| | | | नगरपालीका - ३ |
| ४ | प्रविधिको नवप्रवर्तन | ५ | |
| ५ | मुल्य श्रृखलामा माथिल्लो क्रियाकलाप | १० | |
| ६ | वातावरणीय सरोकार सम्वोधन | ५ | |
| ७ | उद्यम स्थापनाको कुल लागत र स्वलगानिको अनुपात | ५ | |
| ८ | उद्यम संचालनको क्षमता र अनुभव | [illegible] | [illegible] र्ष भन्दा वढि - १० |
| | | | २ - ५ वर्ष भन्दा वढि - ५ |
| ९ | सरकारलाई प्राप्त हुने राजस्वको सम्भावना | १० | |
| १० | दलित | ५ | |
| ११ | कच्चा पदार्थको प्रयोग | १५ | स्थानिय सामाग्री - १५ |
| | | | स्वदेशी सामाग्री - १० |
| | | | विदेशी सामाग्री - ५ |



सहायक वन अधिकृत